# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ चौमाला, कैलाली बैशाख ०७ गते , विहीबार २०८० साल, (संख्या २)


# गौरीगङ्गा नगरपालिका छाडा पशु व्यवस्थापन तथा संरक्षण कार्यविधि, २०८०

प्रस्तावना: यस नगरपालिका भित्र रहेका छाडा पशुहरूको अधिकारको संरक्षण संवर्द्धन गर्दै कृषि उत्पादनमा पारेको नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि व्यवस्थित र प्रभावकारी गौशाला निर्माण तथा सञ्चालन गर्न वाञ्छनीय देखिएकाले

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम **"गौरीगङ्गा नगरपालिका छाडा पशु व्यवस्थापन तथा संरक्षण कार्यविधि २०८०"** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागु हुनेछ ।

२. परिभाषाः विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यक्रम" भन्नाले नगरपालिका भित्रका छाडा पशु व्यवस्थापनका लागि गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रमलाई सम्झनु पर्छ ।

ख) "प्रस्तावना" भन्नाले नगरपालिकाले कार्यक्रम कार्यान्वयन गर्न कालागि जारी गरेको सार्वजनिक सूचना बमोजिम प्रस्तावकले निर्धारित ढाँचामा तयार गरी पेस गरेको अवधारणा पत्र र आवश्यक कागजात समेतलाई सम्झनु पर्छ ।

ग) "साझेदार" भन्नाले छाडा पशु व्यवस्थापन गर्न गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न कालागि इच्छुक दफा ३ बमोजिमका निकायलाई सम्झनु पर्छ ।

घ) "साझेदारी" भन्नाले कार्यक्रम सञ्चालनका लागि अख्तियार प्राप्त कार्यालय र साझेदार बिच भएको दुई पक्षीय वा बहुपक्षीय सम्झौतालाई सम्झनु पर्छ

ङ) "कार्यालय" भन्नाले गौरीगङ्गा नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

च) "समिति" भन्नाले दफा १० बमोजिमको समितिलाई सम्झनु पर्छ ।

छ) "अमानत" भन्नाले नगरपालिकाले यस कार्यविधि बमोजिमको कार्य आफैले गर्ने भन्ने सम्झनु पर्छ ।

ज) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका, कैलाली सम्झनु पर्छ ।

झ) "कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेदः २
## कार्यक्रमको साझेदारी तथा सञ्चालन प्रक्रिया

३. <u>अनुदान प्राप्त गर्न सक्ने साझेदार निकायहरुः</u> (१) यस कार्यक्रम बमोजिम अनुदान प्राप्त गर्न योग्य देहायका निकायहरूले अनुदानमा कार्यक्रम सञ्चालन गर्न साझेदारी गर्न सक्ने छन् ।

क) सहकारी सङ्घ वा संस्था

ख) प्रचलित कानुन बमोजिम दर्ता भएका साझेदार पशुपालन सम्बन्धी कार्य गर्ने फर्म/समिति/डेरी उद्योग

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि यस कार्यक्रम बमोजिम योग्यता पुगेका साझेदार निकाय मात्र अनुदान प्राप्त गर्न ग्राह्य हुनेछ ।

गौरीगङ्गा राजपत्र

४. <u>अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु:</u> (१) अनुदान रकम देहाय अनुसारको भौतिक पूर्वाधार निर्माणका लागि प्रयोग गर्न सकिनेछ ।

क) गोठ, टहरा, प्राङ्गण, पशु आहारा राख्ने ठाउँ, घेर बार निर्माण

ख) खाने पानी व्यवस्थापन तथा पानी पोखरी निर्माण

ग) दाना पानी खुवाउने डुँड निर्माण

(२) उपदफा १ बमोजिमको भौतिक संरचना निर्माण पश्चात् गहुँत गोठे मल र दूध लगायतका व्यावसायिक उत्पादन तथा उपयोग गर्ने प्रविधि बायोग्याँस प्लान्ट गौ-मूत्र प्रशोधन प्लान्ट प्राङगारिक मल उद्योग आदि स्थापना गरी सञ्चालन गर्न समेत अनुदान रकम खर्च गर्न सकिनेछ तर सो रकम तालिम गोष्ठी सभा समारोहमा खर्च गर्न पाइने छैन ।

५. <u>कार्यक्रम सञ्चालन हुने स्थानहरुः</u> विस्तृत अध्ययनका आधारमा नगर कार्यपालिकाले नगरपालिकाभित्र तोकिएको स्थानमा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६.<u>कार्यक्रम स्थल छनोटका आधारहरू</u> (१) विगतका वर्षहरूमा गौशाला तथा पशु स्याहार केन्द्रहरूको स्थापना गरेको स्थान ।

(२) छाडा पशुले बढी समस्या भैरहेको स्थान र सोको दिगो रूपमा व्यवस्थापन गर्न सम्भव भएको स्थान ।

(३) पशु व्यवस्थापनका लागि आवश्यक घाँस, पानी र चरनको सहज पहुँच हुने स्थान

७. <u>कार्यक्रम सञ्चालन सम्बन्धी जिम्मेवारी र दायित्वः</u> (१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा प्रचलित कानुन बमोजिम सूचना प्रकाशन प्रस्ताव छनोट सम्झौता अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व नगरपालिकाको हुनेछ ।

(२) सम्झौता अनुसारको कार्य निर्धारित समय सीमाभित्र उच्च गुणस्तर सहित सम्पन्न गराउने दायित्व नगरपालिकाको र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) गौशाला सञ्चालन गर्दा पशुलाई खुवाउने आहारा, घाइते तथा रोगी पशु उपचार मृत पशुको शव व्यवस्थापन खोप आदिको जिम्मा साझेदार निकायले लिनु पर्नेछ ।

(४) अनुदान प्राप्त गर्ने साझेदारले घाँस खेतीका लागि निजी वा सामुदायिक बनभित्र पर्ने फाटहरु लिज वा समन्वयमा लिएको हुनु पर्नेछ ।

गौरीगंगा राजपत्र

(५) सडक विद्युत् र खानेपानी जस्ता आधारभूत पूर्वाधारको व्यवस्था भएको हुनु पर्नेछ।

(६) कार्यक्रम गर्दा सामाजिक, वातावरणीय, आर्थिक र भौगोलिक रूपले उपयुक्त हुनु पर्नेछ ।

(७) कम्तीमा २०० (दुई सय) ठुला पशु व्यवस्थापन गर्ने ठाउँ हुनु पर्नेछ ।

(८) प्रस्तावकले लागत अनुमानको कम्तीमा २५ प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ ।

(९) कार्यक्रम सञ्चालकले पशु सङ्ख्याका आधारमा कम्तीमा १ (एक) महिनालाई पुग्ने घाँस/पराल, दाना, पानी र औषधीको पूर्वसुनिश्चितता गर्नु पर्नेछ ।

(१०) अनुदान रकम दुरुपयोग भएको पाइएमा त्यस्तो साझेदारको सञ्चालक वा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गर्न नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

८. <u>कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रियाः</u> (१) नगरपालिकाले प्रचलित कानुन बमोजिम ३० दिने समयावधि दिई राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वा ई-टेन्डर गरी नगरपालिकामा र नगरपालिका मातहतका सम्पूर्ण वडा कार्यालयहरूमा टाँस गरी प्रस्ताव आह्वानको सार्वजनिक सूचना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार निकायले लागत साझेदारी प्रतिबद्धता पत्र र अन्य सान्दर्भिक कागजातहरू संलग्न राखी निर्धारित समय सीमाभित्र सम्बन्धित कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचनाका आधारमा निर्धारित समयभित्र पर्याप्त प्रस्तावहरू दर्ता हुन नआएमा ७ (सात) दिन म्याद थप गरेको सूचना पुनः प्रकाशन गर्न सक्नेछ ।

(४) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन ।

९. <u>नगरपालिकाले अमानतमा कार्यक्रम सञ्चालनः</u> (१) नगरपालिकाले दफा ८ बमोजिम प्रक्रियामा कुनै पनि अनुदान मागको प्रस्ताव पेस भएन वा परेका प्रस्तावहरूले पनि प्रभावकारी कार्य गर्न नसक्ने अवस्था समितिलाई लागेमा समितिले नगरपालिकाले अमानतमा कार्य गर्न कालागि सिफारिस गर्न सक्नेछ ।

गौरीगङ्गा राजपत्र

(२) उपदफा (१) बमोजिमको कार्य गर्न नगरपालिकाले कर्मचारी परिचालन गरी वा जनशक्तिको अभाव भएमा आवश्यक जनशक्ति करार सेवामा नियुक्ति गरी छुट्टै शाखाको रूपमा विकास गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

**१०.** <u>प्रस्ताव मूल्याङ्कन, सिफारिस तथा अनुगमन समितिः</u> (१) नगरपालिकामा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

क) नगर उप प्रमुख वा उप प्रमुखले तोकेको कार्यपालिका सदस्य मध्यबाट एक जना संयोजक

ख) गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक बनका

अध्यक्षहरू मध्यबाट कार्यपालिकाले मनोनित गरेको १ जना — सदस्य

ग) यस क्षेत्रमा कार्य गरिरहेका अनुभवी व्यक्तिहरूबाट

कार्यपालिकाले मनोनयन गरेका १ जना महिला सहित २ जना — सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

ङ) पुर्वाधार विकास शाखा प्रमुख — सदस्य

च) कानुन शाखा प्रमुख — सदस्य

छ) पशु विकास शाखा प्रमुख — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालालाई बैठक तथा अनुगमनमा आमन्त्रण गर्न सकिनेछ ।

**११.** <u>बैठक सम्बन्धी कार्यविधिः</u> (१) संयोजकको निर्देशनमा सदस्य सचिवले मिति समय र स्थानमा तोकी समितिको बैठक बोलाउनु पर्नेछ

(२) बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

गौरीगंगा राजपत्र

(४) समितिको बैठक सम्बन्धी व्यवस्था समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

१२. <u>समितिको काम कर्तव्य र अधिकारः</u> (१) दफा १० को उपदफा (१) बमोजिम गठित समितिलाई प्रचलित कानुन प्रतिकुल नहुने गरी कार्य सम्पादन गर्ने सन्दर्भमा देहाय बमोजिमको काम कर्तव्य र अधिकार रहनेछ ।

क) स्वीकृत कार्यक्रमहरू प्रचलित कानुन बमोजिम सञ्चालनका लागि मार्गदर्शन गर्ने ।

ख) प्रचलित कानुन बमोजिम प्रस्ताव साथ पेस गर्नु पर्ने आवश्यक कागजातहरू निर्धारण गर्ने।

ग) प्रचलित कानुन समेतको अधीनमा रही तोकिएका मूल्याङ्कन आधारहरूको परिधिभित्र रही प्राप्त प्रस्तावको मूल्याङ्कन गर्ने।

घ) मूल्याङ्कन गर्नुपूर्व समितिले साझेदारले प्रस्ताव गरेको परियोजना स्थलको स्थलगत अनुगमन गर्ने ।

ङ) लागत इष्टमेट र ड्रईङ्ग डिजाइन तयार गर्न लगाउने ।

च) अनुदानमा निर्माणाधीन परियोजनाको नियमित अनुगमन गर्ने र आवश्यक निर्देशन दिने ।

छ) मूल्याङ्कन गरी अधिकतम अङ्क हासिल गरेका प्रस्तावहरूलाई छनौटको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

ज) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको अनुदान रकम दुरुपयोग वा हिनामिना हुन नदिने

झ) संरचना निर्माण र व्यवस्थापन सुनिश्चितताका लागि आवश्यक कार्य गर्ने ।

ञ) लागत स्टिमेट र स्विकृत ड्रइङ डिजाइन अनुसार संरचनाको गुणस्तर कायम गराउने

ट) सञ्चालित कार्यक्रमको त्रैमासिक प्रगति / अवस्था प्रतिवेदन निर्माण गरी कार्यपालिकामा पेस गर्ने ।

ठ) अनुदानमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने

गौरीगङ्गा राजपत्र

१३. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट प्रक्रियाः</u> (१) दफा ८ बमोजिम प्रकाशित सूचनाको आधारमा रितपूर्वक प्राप्त प्रस्तावहरू प्रचलित कानुन बमोजिम कार्यालयले दर्ता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको प्रस्तावहरू मध्यबाट मूल्याङ्कन गरी प्रारम्भिक सूची (सट लिस्ट) प्रकाशन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम छनोट भएको योजनालाई दफा ९ बमोजिमको समिति र कार्यपालिका सदस्यहरूको उपस्थितिमा प्रस्तुत गर्न लगाई मूल्याङ्कन गरिने छ । सो योजना प्रस्तुत गर्दा उपस्थित समिति र कार्यपालिका सदस्यहरूले प्रति योजना प्रस्तावलाई कुल अङ्क १० मानी ३ अङ्क नघट्ने र ८ अङ्क नबढ्ने गरी अङ्क प्रदान गर्नु पर्नेछ र सो कार्यमा संलग्न सबैबाट प्राप्त गरेको नम्बरको योगलाई छनोट कार्यमा सहभागी अङ्क दिने व्यक्तिहरूले भाग गर्दा आउने औसतलाई प्राप्त अङ्क मानिनेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको मूल्याङ्कनबाट सबै भन्दा बढी अङ्क प्राप्त गरेको प्रस्तावकलाई साझेदारीका लागि अनुदान रकम प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नु पर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतले छनोट भएका साझेदार निकायको र वैकल्पिक साझेदारको नामावली सूचना टाँस गरी वा कुनै पनि सञ्चार माध्यम मार्फत जानकारी गराइनेछ ।

(६) वैकल्पिकको सूची प्रकाशन गर्दा सफल भएको प्रस्तावको दुई गुणा प्राप्त गरेको अङ्कको आधारमा नामावली प्रकाशन गर्नु पर्नेछ ।

१४. <u>लागत इष्ट मेट तथा सम्झौताः</u> (१) दफा ११ को उपदफा ४ बमोजिम स्वीकृत साझेदार निकायलाई आवश्यक कागजातहरूसहित सम्झौता गर्न आउन सम्बन्धित निकायलाई १५ दिनको अवधि तोकी सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र आएका साझेदार निकायसँग अनुसूची को ढाँचामा प्रचलित कानुन अनुसार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौता गर्नु पूर्व साझेदार निकायको प्रस्ताव अनुसार गौशाला स्थापना र सञ्चालन गर्ने स्थानको सम्बन्धित विषयको प्राविधिकमार्फत स्थलगत सर्वेक्षण गरी प्रचलित कानुन बमोजिम विस्तृत लागत इस्टिमेट र ड्रइङ डिजाइन तयार गराइनेछ ।

(४) उपदफा (३) बमोजिम विस्तृत लागत लागत इस्ट्रिमेट र ड्रइङ डिजाइन प्रमाणित गरी सम्बन्धित कार्यालयले साझेदार निकायलाई अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

गौरीगङ्गा राजपत्र

(५) उपदफा २ बमोजिम सम्झौता गर्दा कम्तीमा १० वर्षसम्म अविच्छिन्न रूपमा सञ्चालन र व्यवस्थापन गर्ने गरी साझेदारी निकायसँग सम्झौता गर्नु पर्नेछ ।

(६) सम्झौता गर्न आउँदा साझेदार निकायले आफूले बेहोर्नु पर्ने लागतको सुनिश्चितता हुने प्रमाण तथा जम्मा लागत इष्टिमेटको २५ प्रतिशत रकम सो निकायको बैक खातामा भएको वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैङ्कबाट प्रचलित कानुन बमोजिमको अवधिका लागि जारी गरेको बैङ्क ग्यारेन्टी पेश गर्नु पर्दछ ।

## परिच्छेद-४
## अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन

**१५. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन** :(१) यस कार्यविधि अनुसारको सञ्चालित

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने मुख्य जिम्मेवारी नगर कार्यपालिका र समितिको हुनेछ ।

(२) सञ्चालित कार्यक्रमको नगर कार्यपालिका र समिति जुनसुकै समयमा पनि निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इस्टिमेट र ड्रइङ डिजाइन अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा नगर कार्यपालिकाले सम्बन्धित विषय विज्ञ टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम गठित टोलीले स्थलगत जाँचबुझ गरी पछिसम्म फरक नपर्ने गरी यथार्थपरक अनुगमन प्रतिवेदन नगर प्रमुख समक्ष पेस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन प्राप्त भएका नगरपालिकाले सम्झौता बमोजिमको लागत इस्ट्रिमेट र ड्रइङ डिजाइन अनुसार गुणस्तरीय काम नभएको देखिएमा सम्झौता बमोजिम गर्न वा गराउन सम्बन्धित साझेदार निकाय वा कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

गौरीगङ्गा राजपत्र

(७) उपदफा (६) बमोजिम प्राप्त निर्देशनलाई सम्बन्धित साझेदार निकाय वा कार्यालयले प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु गर्नेछ ।

(८) उपदफा (६) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने सम्बन्धित साझेदार निकाय वा कार्यालयका प्रमुखलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(९) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा नगर कार्यपालिकाले सरकारी बाँकी सरह असुलउपर को कारबाही अघि बढाउन सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

**१६. <u>सार्वजनिक परीक्षणः</u>** (१) साझेदार निकायले सम्झौता बमोजिमको कार्यको अवस्था बारे प्रत्येक वर्षको जेठ महिनाभित्र सार्वजनिक सुनुवाइ वा नागरिक सुनुवाइ नगरपालिकाको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक सुनुवाइ पुष्टि हुने आवश्यक कागजातहरू साझेदार निकायले तयार गरी अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेख साझेदार निकायले नगरपालिकामा पेस गर्नु पर्नेछ ।

**१७. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँच पास र फरफारख</u>** :(१) यस कार्यविधि बमोजिम सम्झौता लागत इस्टिमेट र ड्रइङ डिजाइन अनुसारको कार्य सम्पन्न भई सकेपछि नियमानुसार साझेदार निकायले सक्कल विल भौचर लगायत आवश्यक विवरण कागजातसहित सम्बन्धित कार्यालय समक्ष भुक्तानीका लागि निवेदन पेस गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित विषयको प्राविधिकहरूलाई स्थलगत अनुगमनमा खटाई कार्य सम्पन्न प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम खटिएका प्राविधिकले पेस गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानुन बमोजिम साझेदार निकायको बैङ्क खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

**१८. <u>कार्यक्रमको आर्थिक व्यवस्थापनः</u>** नगरपालिकामा रहेको छाडा पशु व्यवस्थापनका लागि आवश्यक रकमको वार्षिक व्यवस्था गर्न समितिले सरोकारवाला निकायसँग छलफल गरी निर्माण गरेको प्रतिवेदनका आधारमा नगर कार्यपालिकाले वार्षिक बजेट विनियोजन गरिनेछ ।

(२) दफा १ बमोजिम विनियोजित बजेट अपुग भएमा नगरपालिकाले प्रदेश सरकार तथा सङ्घीय सरकारलाई कार्ययोजनाको प्रस्तावसहित बजेट माग गर्नेछ ।



गौरीगंगा राजपत्र

१९. <u>नगरपालिकामा रहेका घरपालुवा पशुलाई सङ्केतीकरण गर्ने:</u> (१) नगरपालिका भित्र रहेका छाडा पशुलाई गौशालामा व्यवस्थापन गरी सकेपछि नगरपालिकामा पालिएका घरपालुवा पशुको लगत सङ्कलन तथा सङ्केत नम्बर प्रदान गरिनेछ ।

(२) साङ्केतिकरण गर्न लाग्ने आवश्यक रकम कार्यक्रममा विनियोजित रकमबाट प्रयोग गरिनेछ ।

२०. <u>दण्ड जरिवाना तथा शुल्क निर्धारण:</u> (१) कार्यक्रम सञ्चालन पश्चात् घरमा पालन गरिएको पशुहरूको सङ्केतीकरण गरी सकेपछि पशुधनीले सो पशु छाडा छोड्न पाउने छैन ।

(२) पशुधनीले नगरपालिकाबाट सञ्चालित गौशालामा आफूले पालेको पशु हस्तान्तरण गरी आफ्नो नाममा रहेको लगत कट्टा गर्न सक्नेछ र गौशालामा रहेको पशुको पशुधनी भई पालन पोषण कालागि लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम विपरीतको कार्य गरेमा वा उपदफा (२) बमोजिमको कार्य गर्न नगर कार्यपालिकाले तोके बमोजिमको शुल्क तथा दस्तुर तिर्न पर्नेछ ।

## परिच्छेद-५
## विविध

२१. <u>प्रगति प्रतिवेदन:</u> (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको त्रैमासिक प्रतिवेदन नगरपालिकामा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन नगर कार्यपालिका समीक्षा गरी समिति मार्फत साझेदार निकायलाई आवश्यक निर्देशन दिन सकिनेछ र सो निर्देशनको पालना गर्नु साझेदार निकायको कर्तव्य हुनेछ ।

२२. <u>कार्यक्रम रद्द गर्न सकिने:</u> सम्झौता पत्र तोकिएका सर्तहरू पालना नगर्ने वा अनुगमन निरीक्षणको समयमा दिएका निर्देशनहरू पालना नगर्ने साझेदारको सम्झौता रद्द गर्न सकिनेछ र सम्झौता रद्द गर्दा साझेदार निकायलाई सफाइको मौका प्रदान गरिनेछ ।

२३. <u>असुल उपर गरिने:</u> यस कार्यविधिको अधीनमा रही भएको सम्झौता अवधिभर साझेदार निकायले संरचनाको 'सञ्चालन र व्यवस्थापन नगरेमा निजले प्राप्त गरेको अनुदान रकम नगरपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्न आवश्यक कारबाही गर्न सक्नेछ ।

(२) अनुदान प्राप्त गरी सम्झौता बमोजिमको कार्य नगर्ने वा सम्झौता विपरीतको कार्य गर्ने साझेदारको अभिलेख राखी भविष्यमा समेत कुनै पनि प्रकारको अनुदान प्रदान गर्ने छैन ।

गौरीगङ्गा राजपत्र

२४. <u>लेखा तथा लेखा परीक्षणः</u> कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखा परीक्षण साझेदार निकायले प्रचलित कानुन बमोजिम गर्नु गराउनु पर्नेछ ।

२५. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. <u>बाधा अड्काउ फुकाउने र संशोधनः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा नगर कार्यपालिकाले प्रचलित कानुनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन तथा संशोधन गर्न सक्नेछ ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र